का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ जेठ २०८२, शनिबार

31 May, 2025 Saturday

मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ११८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# शेखर–गगन पुनर्मिलन

- पार्टी र सरकारको समीक्षा
- क्रियाशील सदस्यता र १५औं महाधिवेशनबारे छलफल



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १६ जेठ ।

लामो संवादहीनताको अवस्थामा रहेका नेपाली कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइराला र महामन्त्री गगन थापाबीच साढे १० महिनापछि शुक्रबार भेटवार्ता भएको छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा बनेको सरकारको प्रमुख सहयात्री दल नेपाली कांग्रेसबाट मन्त्री पठाउने बेला ३० असार २०८१ मा सामान्य छलफल भएपछि दुई नेताबीच लगभग सम्वाद बन्द भएको थियो ।

१५ औं महाधिवेशनको पूर्व तयारीमा जुटेको कांग्रेसमा क्रियाशील सदस्यता विवाद सहज टुंगोमा पुऱ्याउनुपर्ने दायित्व महामन्त्री थापामाथि छ । सदस्यता व्यवस्थापन समिति संयोजक रहेका थापा र नेता कोइरालाबीच पछिल्लो अवस्थाबारे छलफल भएको कोइरालाको सचिवालयले जनाएको छ ।

महामन्त्री थापा विशाल नगरस्थित नेता कोइरालाको सम्पर्क कार्यालय पुगेर पार्टी र मुलुकको राजनीतिबारे छलफल गरेको कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले बताए । 'महामन्त्री थापा करिब ११ महिनापछि नेता कोइरालासँग राष्ट्रिय राजनीति र पार्टीको राजनीतिका विषयमा छलफल गर्न आउनु भयो', उनले भने 'यो कुनै नयाँ विषय होइन, नेताहरूबीच यस्ता भेटघाट आवश्यकता अनुसार भइरहन्छन पनि केही समय नहुन पनि सक्छन् । आजको भेट पार्टीको क्रियाशील सदस्यता र विशेष गरी सरकार सञ्चालनमा देखिएका समस्यामा केन्द्रित भएको छ ।' करिब ११ महिनापछि दुई नेताबीच भएको छलफलमा वर्तमान राजनीति, सरकारका कामकारबाही र पार्टीको १५औं महाधिवेशनका विषयमा छलफल भएको हो ।

पार्टीको १४औं महाधिवेशनमा एउटै प्यानलबाट सभापति र महामन्त्री लडेका नेताद्वयबीच पछिल्लो समय सम्बन्धमा दरार आएको थियो । १५ औं महाधिवेशनका लागी सभापतिको तयारीमा रहेका शेखर-गगनबीच पछिल्लो समय भएको भेटलाई अर्थपूर्णरूपमा हेरिएको छ। पृष्ठ २ मा

# हङकङमा नेपाल–चीन सम्बन्धबारे छलफल



**मध्यान्ह संवादतादा**
काठमाडौं, १६ जेठ ।

हङकङ भ्रमणमा रहेही परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले चीनका विदेशमन्त्री वाङ यीसँग द्विपक्षीय भेटवार्ता गरेकी छन् ।

चिनियाँ विदेशमन्त्री यीको निमन्त्रणामा 'मध्यस्थताका लागि अन्तर्राष्ट्रिय संगठन स्थापनासम्बन्धी महासन्धि'मा हस्ताक्षर गर्ने समारोहमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै हङकङमा रहेकी परराष्ट्रमन्त्री डा. राणाले शुक्रबार चिनियाँ समकक्षीसँग भेटवार्ता गरेकी हुन् ।

चीनको हङकङ विशेष प्रशासनिक क्षेत्रमा शुक्रबार महासन्धीमा हस्ताक्षर समारोहको आयोजना भएको छ । समारोहमा नेपाल पर्यवेक्षक राष्ट्रका रूपमा सहभागी भएपनि आयोजकले नेपाललाई उच्च महत्व दिएको छ।

चिनियाँ समकक्षीसँग भएको भेटमा नेपाल-चीन सम्बन्ध, आपसी हित, साझा चासो र सरोकारका साथै यस वर्ष दुवै देशले मनाइरहेका नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वर्षका विषयमा छलफल भएको छ ।

राणाले नेपालले चीनसँगको सम्बन्धलाई महत्व दिँदै आएको प्रसंग उल्लेख गर्दै एक असल मित्रराष्ट्रका रूपमा नेपालको आर्थिक, सामाजिक विकासका क्षेत्रमा विगत लामो समयदेखि चीनले पुऱ्याउँदै आएको सहयोग र समन्वयका लागि विदेशमन्त्री वाङमार्फत चीन सरकार र चिनियाँ जनतालाई धन्यवाद दिइन् । आगामी दिनमा पनि आर्थिक, प्राविधिक, प्रविधि हस्तान्तरण एवं प्रत्यक्ष वैदेशिक लगानीलगायत विविध क्षेत्रहरूमा नेपालमा चीनको सहयोगको निरन्तरताको अपेक्षा नेपालले गरेको उनले बताइन् ।

त्यस अवसरमा मन्त्री डा. राणाले नेपाल सदैव एक चीन नीतिप्रति प्रतिबद्ध रहिआएको दोहोऱ्याउँदै नेपाली भूमि चीनका विरुद्धमा प्रयोग हुन नदिइने प्रष्ट्याइन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको गत डिसेम्बरको भ्रमणको क्रममा भएका सहमति एवं सम्झौताहरूको कार्यान्वयका बारेमा पनि कुराकानी भएको थियो ।

मन्त्री डा. राणाले नेपालले चीनसँगको सम्बन्धलाई महत्व दिँदै आएको प्रसंग उल्लेख गर्दै एक असल मित्रराष्ट्रका रूपमा नेपालको आर्थिक, सामाजिक विकासका क्षेत्रमा विगत लामो समयदेखि चीनले पुऱ्याउँदै आएको सहयोग र समन्वयको सराहना गरिन् ।

साथै आगामी दिनमा पनि आर्थिक, प्राविधिक, प्रविधि हस्तान्तरण एवम् प्रत्यक्ष वैदेशिक लगानी लगायतका विविध क्षेत्रहरूमा नेपालमा चीनको सहयोगको निरन्तरताको अपेक्षा नेपालले गरेको मन्त्री डा. राणाले बताइन्।

यस वर्ष नेपाल र चीनले कूटनीतिक सम्बन्ध स्थापनाको ७० औं वार्षिकोत्सव मनाइरहेकाले यसै अवसरमा नेपालको भ्रमणका लागि चिनियाँ विदेशमन्त्री वाङलाई मन्त्री डा. राणाले निमन्त्रणा पनि दिइन्। दुई देशबिचको कूटनीतिक सम्बन्ध स्थापनाको ७० औं वर्षका अवसरमा सन् २०२५ लाई नेपाल भ्रमण वर्षका रूपमा मनाइएकाले यस वर्ष नेपालमा बढीभन्दा बढी चिनियाँ पर्यटकहरूलाई स्वागत गर्न नेपाल इच्छुक रहेको पनि मन्त्री डा. राणाले त्यस भेटका क्रममा बताइन्।

# 'आगामी बजेट कार्यान्वयन जेठदेखि नै'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ जेठ ।

उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार संसद्मा प्रस्तुत भएको आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनलाई आफूले पहिलो प्राथमिकता राखेर काम गर्ने बताएका छन् ।

शुक्रबार अर्थ मन्त्रालयमा आर्थिक वर्ष २०८२/८३ को बजेट सम्बन्धमा आयोजित पत्रकार सम्मेलनमा अर्थमन्त्री पौडेलले बजेट कार्यान्वयनका लागि साउन नकुर्ने र आजैबाट कार्यान्वयन प्रक्रिया थालनी गर्ने बताएका हुन् ।

'बजेट कार्यान्वयनको प्रश्न चुनौतीपूर्ण छ, यो बजेट नागरिकको कान पवित्र गर्नका लागि ल्याइएको होइन, यसको प्रभावकारी कार्यान्वयन हुन्छ, आजैदेखि बजेट कार्यान्वयनमा मेरो ध्यान केन्द्रित



हुनेछ', उनले भने, 'बजेटको व्यवहारिक र वस्तुनिष्ठ कार्यान्वयन कार्ययोजना बनाउने कामका अर्थ मन्त्रालय लागिसकेको छ, पूर्वतयारीका काम सकिएका आयोजना कार्यान्वयनका लागि हामी साउन कुर्नै पर्दैन, अहिले नै प्रक्रिया अघि बढाउन सक्छौं ।'

यसपटक बजेटको आकार धेरै महत्वकांक्षी नरहेको र आम्दानी र खर्चका हिसाबले वस्तुनिष्ठ ढंगले आएको अर्थमन्त्री पौडेलले दाबी गरे । बजेटमा पुँजीगत खर्च बढाउने, चालु खर्चलाई निश्चित सीमाभित्र राखिएको र प्रदेश तथा स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणको रकम बढाउने नीति लिइएको पनि उनको भनाइ छ ।

बजेटमार्फत् राखिएको राजस्वको लक्ष्य आगामी आर्थिक वर्षको अन्त्यसम्म पूरा हुनेमा आशावादी रहेको पनि उनले बताए । आन्तरिक ऋणका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सीमाभित्रै रहेर अनुमान गरिएको पनि अर्थमन्त्री पौडेलले बताए । बजेटमार्फत् केही नीतिगत सुधारका विषय अघि पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कुवेतमा ठूलो वित्तीय अपराधमा संलग्न भएको आरोपमा १ नेपाली पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ जेठ ।

वैदेशिक रोजगारीमा कुवेत गएका १ नेपाली कामदारलाई ठूलो वित्तीय अपराधमा संलग्न भएको आरोपमा प्रहरीले पक्राउ गरेको छ । कुवेतको आपराधिक सुरक्षा क्षेत्रको वित्तीय अपराध नियन्त्रण विभागले अत्याधुनिक बैंक ठगी कार्यमा संलग्न रहेको आरोपमा नेपाली नागरिकलाई पक्राउ गरेको हो ।

कुवेती सञ्चारमाध्यमबाट उनको तस्बिर सार्वजनिक भएपनि पक्राउ परेका ती नेपाली कामदारको नेपाली ठेगाना सार्वजनिक गरिएको छैन । उनीविरुद्ध बैंकिङ ठगीसँग सम्बन्धित मुद्दा नम्बर २२५३/२०२४ र २२३४/२०२४ मा अनुसन्धान भइरहेको कुवेती प्रहरीले बताएको छ ।

पक्राउ परेका नेपालीले कुवेतमा वैदेशिक रोजगारमा रहेका अन्य नेपालीका



बैंक कार्ड र सिमकार्डहरू पनि दुरुपयोग गरेर बैकिङ ठगी गरेको अनुसन्धानका क्रममा देखिएको त्यहाँको प्रहरीले बताएको छ । अनुसन्धान अधिकारीहरूले उनको साथबाट ८ वटा बैंक कार्ड र ४ वटा सिमकार्ड बरामद गरेको बताइएको छ ।

अनुसन्धानका क्रममा सोधपुछपछि उनले आफ्नो निवासमा थप सामानहरू राखेको स्वीकार गरेका छन् । त्यसपछिको खोजीमा थप १२ वटा बैंक कार्ड, १६ वटा सिमकार्ड, धेरै बैंक कागजातहरू र खाली सिमकार्डहरू बरामद गरिएको प्रहरीले दाबी गरेको छ । कुवेतका सञ्चारमाध्यमहरूले अभियुक्तलाई सार्वजनिक अभियोजनमा पठाइ कानुनी कारबाही भइरहेको भन्दै ठगीमा संलग्न थप संदिग्धहरूको पहिचान र गिरफ्तार गर्न अन्तर्राष्ट्रिय समकक्षीहरूसँग समन्वय भइरहेको उल्लेख गरेका छन् ।

कुवेतमा केही नेपाली घरेलु मदिराको अवैधानिक कारोबारमा संलग्न भएको र उनीहरू पक्राउ परेको समाचार पटक-पटक सार्वजनिक हुने गरेको भएपनि संगठितरूपमा बैंक ठगीको अपराधमा संलग्न भएको घटना नयाँ भएको बताइएको छ ।

**प्रेस काउन्सिलको गर्विलो कार्य**

# नेपाली मिडियाको इतिहास : छापादेखि डिजिटलसम्म

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ जेठ ।

प्रेस काउन्सिल नेपालले 'नेपाली मिडियाको इतिहास : छापादेखि डिजिटलसम्म' नामक पुस्तक ल्याएको छ । शुक्रबार एक समारोहकाबीच शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव राधिका अर्याल, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्मा र वरिष्ठ पत्रकार रामकृष्ण रेग्मीले पुस्तकको संयुक्तरूपमा विमोचन गरे ।

पुस्तकले नेपाली मिडियाको छापादेखि डिजिटल युगसम्मको इतिहासलाई समेटेको छ।

नेपाली मिडियामा अनुसन्धान गरिरहेका डा. कुन्दन अर्याल, डा. रघु मैनाली, डा. जगत नेपाल, तीर्थ कोइराला, शुभेच्छा विन्दु तुलाधर, उज्ज्वल आचार्य, भुवन केसी र रुद्र खड्काका अनुसन्धानमूलक आलेख पुस्तकमा छ ।

पुस्तकमा नेपाली पत्रकारिताले भोगेको कठिन अवस्था र विभिन्न कालखण्डमा गरेको संघर्षको गाथा समेटिएको छ ।




पुस्तक विमोचन कार्यक्रममा प्रमुख अतिथि मन्त्री पन्तले दक्षिण एसियाका अन्य देशहरूभन्दा नेपालको प्रेस बढी स्वतन्त्र रहेको बताए । 'पत्रकार बेपत्ता हुनुपरेको छैन, जागिर गुमाउनुपरेको छैन । तुलनात्मक रूपमा यहाँको अवस्था सुधारोन्मुख छ', उनले भने ।

मन्त्री पन्तले पत्रकारले लडेर ल्याएको प्रेस स्वतन्त्रतालाई संरक्षण गरी राख्नुपर्नेमा जोड दिँदै पत्रकारका क्षेत्रका काम गर्ने निकायलाई सक्षम, प्रभावकारी बनाउँदै प्रेस स्वतन्त्रतालाई संरक्षण गर्न सबैको सहकार्य र समन्वय आवश्यक पर्ने बताए । नेपाल पत्रकार महासंघका महासचिव, प्रेस काउन्सिल नेपालका बोर्ड सदस्य र विभिन्न पत्रिकाका सम्पादक पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१७ जेठ २०८२ शनिबार
31 May 2025, Saturday

# सशस्त्रले डेढ लाख बढी विपद् सूचक समूह गठन गर्ने

**काठमाडौं/मस–** सशस्त्र प्रहरी बलले विपद् व्यवस्थापनमा स्थानीय समुदायको समेत महत्त्वपूर्ण भूमिका हुने भएकोले देशभरि करिब १ लाख ७० हजार विपद् सूचकको व्यवस्था गर्न लागेको छ । समुदाय स्तरमा विपद् सम्बन्धी सूचना प्राप्तिमा सहकार्य, परिचालनमा सहजीकरण र उद्धारमा समन्वयात्मक रुपमा कार्य गर्ने उद्देश्यले विपद् सूचकको व्यवस्था गर्न लागेको छ ।



यसका लागि सबै बाहिनी मुख्यालयले जेठ मसान्तसम्म आफ्नो जिम्मेवारी क्षेत्रमा पर्ने सबै वडाहरूमा २५ जनाको दरले विपद् सूचक समूह निर्माण गर्नुपर्ने हुन्छ। जस अनुसार देशभरिका ६ हजार ७ सय ४५ वडामा २५ जनाको दरले १ लाख ६८ हजार ५ सय ७५ जना विपद् सूचक तयार गरिनेछ ।

यसबाट विपद् सम्बन्धी सूचना तत्काल प्राप्त हुने र सोही अनुसार आफ्ना सुरक्षाकर्मी परिचालन र उद्धारमा सहजता हुने विश्वास मुख्यालयको छ । विपद् सूचक समूह तयार भएपछि उनीहरुलाई विपद् सचेतनामूलक प्रशिक्षण प्रदान गर्ने विपद् सिमुलेशन अभ्यासमा सहभागी गराउने योजना समेत सशस्त्र प्रहरी बलको छ ।

यसैबीच सशस्त्र प्रहरी बलले समुदायमा विपद् उद्धारक पनि तयार गर्दै छ । गत जेठ ७ गते सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारमा सञ्चालित गोताखोर तालिम समापनको अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले यसै वर्ष सात वटै प्रदेशमा करिब १ हजार समुदाय विपद् उद्धारक तयार गर्ने योजना सार्वजनिक गरेका थिए ।

जसअनुसार मुख्यालयले यसको तयारी स्वरूप मातहत कार्यालयमा विपद् उद्धारक स्वयंसेवक तालिम पनि सुरुवात गरेको छ । समुदाय विपद् स्वयंसेवक उत्पादनका लागि १८ दिनको तालिम दिइनेछ । त्यसमा सशस्त्र प्रहरी बलको विपद् व्यवस्थापन तालिम प्राप्त दक्ष सुरक्षाकर्मीले तालिम प्रदान गर्नेछन् ।

प्रदेशस्थित सशस्त्र प्रहरी बलका मुख्यालय तथा राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानले यसै आर्थिक वर्षमा सम्पन्न हुने गरी तत्काल १८ वटा तालिम सञ्चालन गर्नेछन् भने अन्य १ सय ४७ वटा तालिम आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिनेछ । यस प्रकारका तालिमले समुदाय स्तरमा विपद्बाट बच्न पूर्व तयारीका साथै विपद्का समयमा उद्धार तथा राहतको कार्यमा सहजता समेत हुनेछ ।

सशस्त्र प्रहरी बल नेपाल नं. २३ मनकामना गण तनहुँबाट समुदाय विपद् स्वयंसेवक तालिम सुरुवात भएको छ । स्थानीय सरकार तथा सरोकारवाला निकायहरू सँगको समन्वयमा गणले ५८ जनाको लागि तालिम सञ्चालन गरेको हो ।

तालिमको क्रममा स्थानीय पालिकामा रहेका र अपुग भएमा सशस्त्र प्रहरी बलको सम्बन्धित कार्यालयमा रहेका विपद् उद्धारका सामाग्री प्रयोग गरिनेछ। तालिमका लागि दक्ष प्रशिक्षकको व्यवस्था प्रशिक्षण प्रतिष्ठान तथा बाहिनी मुख्यालयहरूले गर्नेछन् भने प्राकृतिक विपद् जोखिम रहेका पालिकाहरूमा यस प्रकारको तालिम दोहोर्‍याएर समेत गरिने सशस्त्र प्रहरी बलको योजना छ ।

# यातायातका कर्मचारीसहित ४ जनाविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यातायात कार्यालय रुपन्देहीका ४ जना कर्मचारीविरुद्ध कागजात कीर्ते गरी भ्रष्टाचार गरेको अभियोगमा आरोपपत्र दायर गरेको छ ।



यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, रुपन्देहीमा कार्यरत तत्कालीन कम्प्युटर अपरेटर कमल पराजुलीसहित ४ जनाविरुद्ध गलत लिखत बनाइ सरकारी कागजात कीर्ते गरी भ्रष्टचार गरेको अभियोगमा शुक्रबार विशेष अदालतमा आरोपपत्र दायर गरिएको हो ।

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र रुपन्देहीमा ०१-०८-००८३६६८७ सभ्यता केसीको मा बी एड हुनुपर्नेमा ०१-०८-०१०३१२६२ अर्कैको नामलाई परिवर्तन गरेर रकम लिई लाइसेन्स दिएको अनुसन्धानबाट खुलेको अख्तियारले जनाएको छ ।

रुपन्देही यातायातका तत्कालीन कम्प्युटर अपरेटर पराजुली र यातायात तुलसीपुरका तत्कालीन कम्प्युटर अपरेटर अनिल बुढामगरले यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, रुपन्देहीबाट २०७८ साल चैत ७ गते जारी भएको अरु नै आवेदकको आइडी ८४०१६८५ मा जारी भएको क्याटेगोरी बी-कार, जीप डेलिभरी भ्यानको सवारी चालक अनुमपतिपत्रको विवरण परिवर्तन गरी ट्रायल परीक्षामा सहभागी नै नभएका सभ्यता केसीलाई लाइसेन्स दिएको पाइएको हो ।

यातायात व्यवस्था कार्यालयको अनलाइन डेटाबेस प्रणालीमा प्रत्येक आवेदकको फरक 'अप्लिकेन्ट आइडी' हुने जान्दाजान्दै पनि आरोपिहरुले मिलोमतोमा कागजात कीर्तेगरी लाइसेन्स जारी गरेको अनुसन्धानबाट खुल्न आएकाले उनीहरुविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ अन्तर्गतको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवाना सजायको माग दाबी गरिएको अख्तियारले जनाएको छ ।

साथै सरकारी कर्मचारीसँगको मिलोमतोमा लाइसेन्स लिएकी रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका-४ की सभ्यता केसीविरुद्ध पनि कागजात कीर्तेकै अभियोगमा मुद्धा दायर गरिएको छ । केसीले यातायात व्यवस्था तथा नियमावली बमोजिम प्रक्रियामा भाग नलिइ नियतवश कागजात कीर्ते गर्ने कार्यमा संलग्न रहेको र नक्कली लाइन्सेस प्रयोग गरेको भन्दै मुख्य कसुरदारसरह नै सजाय माग दाबी गरिएको अख्तियारका सहायक प्रवक्ता देवी प्रसाद थपलियाले जानकारी दिए ।

# वरिष्ठ पत्रकार चालिसेको निधन

**काठमाडौं/मस–** वरिष्ठ साहित्यकार एवं पत्रकार विजय चालिसेको ७४ वर्षको उमेरमा निधन भएको छ ।



अर्बुद रोगबाट पीडित उनको शुक्रबार बिहान अत्तरखेलस्थित नेपाल मेडिकल कलेजमा मृत्यु भएको हो । उनको गोकर्णेश्वर घाटमा दाहसंस्कार गरिएको पारिवारिक स्रोतले जनाएको छ ।

उनले गोरखापत्र संस्थानको अध्यक्ष र गोरखापत्र दैनिकको प्रधानसम्पादकको जिम्मेवारी सम्हालेका थिए । प्रेस चौतारी नेपालका संस्थापक अध्यक्ष समेत रहेका चालिसेका कथा, उपन्यास, नियात्रा, पत्रकारिता, बालसाहित्यका ५० पुस्तक प्रकाशित छन् । स्वर्गीय चालिसका दुई छोरा र एक छोरी छन् ।

# दरबार संग्रहालय क्षेत्रमा निषेधाज्ञा

**मध्यान्ह समाचारदाता**
काठमाडौं १६जेठ ।

सरकारले नारायणहिटी दरबार संग्रहालय क्षेत्रमा निषेधाज्ञा घोषणा गरेको छ । राजावादीको आन्दोलनलाई लक्षित गर्दै सरकारले यस्तो निर्णय लिएको हो । उक्त स्थानमा पाँच जनाभन्दा बढी व्यक्ति भेला भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभा जस्ता विरोधका कार्यक्रम गर्न निषेध गरेको काठमाडौं जिल्ला प्रशासन कार्यलयका प्रमुख ऋषिराम तिवारीले एक विज्ञप्ति जारी गर्दै जानकारी दिएका छन् ।

विज्ञप्तिमा उल्लेख भए अनुसार आगामी असार २४ गतेसम्म केशरमहल चोकदेखि नारायणहिटी दरवार संग्रहालय दक्षिण गेट हुँदै जयनेपाल मोडसम्म तथा महेन्द्र सालिक हुँदै नारायणहिटी दरबार संग्रहालय दक्षिण गेटसम्म विरोधका कार्यक्रम गर्न नपाइने भएको हो । यसअघि २०८१ फागुन २६ गते पूर्वराजा ज्ञानेन्द्र शाह पोखराबाट फर्किनुअघि काठमाडौंका विभिन्न स्थानमा निषेधाज्ञा थपिएको थियो। काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले त्यसबेला राजधानी सहरका विभिन्न स्थानमा निषेधाज्ञा जारी गरेका थिए ।

काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले त्यसबेला हरेक दुई दुई महिनामा निषेधाज्ञा थप्ने कार्यलाई निरन्तरता मात्रै दिइएको बताएका थिए । अहिले दरबारमार्गमा लगाइएको निषेधाज्ञा भने नयाँ हो। त्यसबेला राष्ट्रपति र उपराष्ट्रपति कार्यालय वरपर, सिंहदरबार, प्रधानमन्त्री निवास बालुवाटार र संसद् भवन वरपरका क्षेत्रमा निषेधाज्ञा लागु गरिएको थियो। ती स्थानमा पहिले पनि निषेधाज्ञा थियो ।

# नगरपालिकाले दियो दीर्घरोगीलाई उपचार खर्च

**कञ्चनपुर/मस–** शुक्लाफाँटा नगरपालिकाले चालु आर्थिक वर्षमा ६४ जना दीर्घरोगीलाई उपचार खर्च उपलब्ध गराएको छ ।

मिर्गौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर, मेरुदण्ड पक्षघात भएका बिरामीलाई मासिक रूपमा रु पाँच हजारका दरले उपचार खर्च उपलब्ध गराइएको नगर स्वास्थ्य शाखा प्रमुख परमानन्द भट्टले जानकारी दिए । उनका अनुसार क्यान्सर भएका ३९, डायलाइसिस गराइरहेका २१, मेरुदण्ड पक्षघात भएका तीन र मिर्गौला प्रत्यारोपण गराई रहेका एकजना गरी ६४ जनालाई उपचार खर्च उपलब्ध गराइएको हो ।

दीर्घरोग भएका बिरामीको लामो समयसम्म औषधि उपचार गर्नुपर्ने र खर्चिलो हुने हुँदा आर्थिक भार कम गर्न शून्य मौज्दातमा बैंकमा खाता खोलेर त्यसैमार्फत मासिक रूपमा उपचार खर्च उपलब्ध गराईदै आएको शाखा प्रमुख भट्टले बताए । त्रैमासिक रूपमा महिनाको अन्तिम दिन उपचार खर्च रकम बैंक खातामा जम्मा गर्ने व्यवस्था गरिएको उनले जानकारी दिए ।

नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थाबाट निवृत्तिभरण, पेन्सन प्राप्त गरिरहेका व्यक्तिलाई भने उपचार खर्च दिने गरिएको छैन । कार्यविधिअनुसार औषधि उपचार खर्च पाउनका लागि राष्ट्रिय परिचयपत्र नम्बर वा नागरिकताको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, अनुसूची १ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस, अपाङ्गतासम्बन्धी रातो वा नीलो कार्डको प्रतिलिपिसहित वडा कार्यालयमा अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने हुन्छ ।

### शेखर-गगन...

महामन्त्री थापाको संयोजकत्वमा क्रियाशील सदस्यता व्यवस्थापन समिति छ। उक्त समितिको सदस्यहरूमा सीता गुरूङ, योगेन्द्र चौधरी र प्रकाश रसाइली (स्नेही) छन् । पार्टीको पछिल्लो पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकमा महामन्त्री थापाले क्रियाशील सदस्यता नवीकरणमा नेताहरूको साथ खोजेका थिए ।

असार मसान्तभित्र क्रियाशील सदस्यता नवीकरणका सम्पूर्ण काम सक्न थापाले यसअघि नै मातहत निकायहरूमा निर्देशन पठाइसकेका छन् । कांग्रेसमा क्रियाशील सदस्यतालाई लिएर २१ सयभन्दा धेरै उजुरी छन्। २०७८ मा १४औं महाधिवेशन भएकोले ४ वर्षको अन्तरालमा १५औं महाधिवेशन २०८२ मंसिरभित्र हुनुपर्ने नेता कोइरालाको अडान कायमै छ । तर सभापति शेरबहादुर देउवाले पार्टी विधानले दिएको अधिकारअनुसार विशेष परिस्थिति देखाएर विधान र संविधानले दिएको सहुलियतलाई उपयोग गर्दै कार्यकाल थप गर्ने तयारी छन् । यो विषयमा समेत २ नेताबीच छलफल भएको बताइएको छ ।

कोइराला-थापाबीच लामो समयसम्म संवादहीनताको अवस्थालाई राजनीतिक वृत्तमा फुटको संज्ञा दिईंदै आएको थियो । पार्टीको १४औं महाधिवेशनमा 'एक पटक, यसैपटक' भन्ने नारा लिएर चुनावी मैदानमा उत्रिएका कोइराला देउवासँग पराजित भएपछि फेरि सभापति बन्ने दैडामा देशभर कार्यकर्तासँगको भेटलाई तीब्र बनाएका छन् । कोइराला नेतृत्वमा एउटै समूहमा चुनाव लडेका महामन्त्री थापासमेत १५ औं महाधिवेशनमा सभापतिको तयारीमा जुटेका छन् ।

सोही कारण २ नेताबीच संवादहीनताको अवस्था आएको थियो । पार्टीभित्र आफ्नो छुट्टै समूह बनाएर आगामी महाधिवेशनमा नेतृत्व लिनेगरी देशव्यापी अभियानमा लागेका महामन्त्री थापाले वर्तमान सभापति देउवासँगसमेत सहयोगको अपेक्षा गरेपनि देउवाको समर्थन पाउने सम्भावना न्यून छ । बेलाबखत देउवासँग निकट भएजस्तो देखिने थापाले पछिल्लो पटक आफ्ना मन्त्री र सरकारको आलोचना गर्दै आएका छन् । १५ औं महाधिवेशनमा देउवाले पत्नी आरजू राणा देउवालाई पार्टी र सत्ताको शीर्षस्थानमा व्यवस्थापन गर्न चाहन्छन । जसले देउवाको अपेक्षाअनुसार काम गर्ने विश्वास दिलाउन सक्छ, उसैलाई देउवाको सहयोग मिल्ने कांग्रेसबृत्तमा बहस छ ।

संसदीय दलको नेता बन्न पार्टी सभापति शेरबहादुर देउवासँग भिडेका महामन्त्री गगन थापालाई कोइराला समूहले आधिकारिक रूपमा देउवासँग भिडाएपनि ३२ मत मध्ये २५ मत मात्रै आएपछि थापा कोइराला समूहबाट बिस्तारै टाढिँदै पछिल्लो पटक संवादहीनताको अवस्थासम्म पुगेको थिए। तर संस्थापन इतर समूहका नेता कार्यकर्ताहरू शेखर-गगनलाई १५औं महाधिवेशनसम्म विभाजन हुन नदिने प्रयासमा रहेको बताउँदै आएका छन् । सो समूहका एक नेता अर्जुननरसिंह केसीले यो समूहका नेताहरूबीच बेमेलको अवस्था नआएको र १५औं महाधिवेशनमा मिलेर अघि बढ्ने दाबी गरे ।

सरकारको गतिविधिप्रति नेता कोइरालाले निरन्तर असन्तोष व्यक्त गर्दै गर्दा महामन्त्री थापा सरकारको बचाउमा थिए । तर प्रधानमन्त्री ओलीले कांग्रेस-एमालेबीच भएका सहमतिअनुसार काम नगरी नागरिकलाई भड्काउने अभिव्यक्ति दिन थालेपछि थापासमेत सरकारप्रति आलोचक बनेका छन् । संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको मुख्य सहयोगमा विगत १० महिना अघि बनेको एमाले अध्यक्ष ओली नेतृत्वको सरकारप्रति आम गुनासो र टिप्पणीहरू बढीरहेको छ ।

पछिल्लो पटक राजावादीको आन्दोलनका सन्दर्भमा प्रधानमन्त्री ओलीका अभिव्यक्तिप्रति कांग्रेसका दुबै नेता सन्तुष्ट छैनन्। १५ जेठमा राजसंस्था पूनस्थापनासहितका माग राखेर सडक आन्दोलनमा उत्रिएको राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) प्रति कठोर देखिएका ओलीको अभिव्यक्ति गैरजिम्मेवार भएको नेताहरूको टिप्पणी छ । ओलीले १५ जेठमा 'काठमाडौं एमालेको कब्जामा हुन् पर्छ' भनेका थिए । उनको अभिव्यक्तिले सरकारनै दंगा भड्काउन उद्दत भएको देखिने भन्दै आम टिप्पणी छ । तर कांग्रेस नेतृत्वले यसलाई ठूलो रूपमा लिएको छैन ।

राप्रपालाई साइएजमा राख्न एमालेका कार्यकर्तालाई काठमाडौं कब्जा गर्न दिएको निर्देशनप्रति शेखर पछि गगनले आपत्ति जनाएका छन्। त्यस्तै अध्यागमन कार्यालयबाट कर्मचारीले नक्कली कागजता बनाएर भिजीट भिसामा मोटो रकम लिएर व्यक्तिहरूलाई विदेश पठाएको प्रकरणमा गृहमन्त्री रमेश लेखकमाथि समेत सार्वजनीकरूपमै प्रश्न उठेपछि छानविनका लागी मार्ग प्रसस्त गर्न दुवै नेताले सुझाव दिएका छन् ।

सरकार र पार्टीको संस्थापन पक्षको पछिल्लो भुमिका तथा गतिविधिप्रति कोइराला र थापाको एक स्वर छ । यही विषयलाई लिएर पछिल्लो भेटघाट भएको दुबै नेताका सचिवालउले जनाएको छ। नेता कोइराला र महामन्त्री थापाबीच नियमित भेटघाट बाहेक नयाँ केही नभएको महामन्त्री थापाका स्वकीय सचिव सविन मुडभरीले बताए ।

### 'आगामी...

सारिएको अर्थमन्त्री पौडेलको भनाइ छ। आर्थिक विकास र समृद्धिका लागि वैकल्पिक वित्तमार्फत स्रोत परिचालन गर्ने नीति लिइएको उनले बताए ।

प्रदेश र स्थानीय तहले पनि यथार्थपरक ढंगले बजेट ल्याउन सकुन भनेर सोहीअनुसार परामर्श सेवामा सीमा निर्धारण गरिएको अर्थमन्त्री पौडेलको भनाइ छ । राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षा र अन्य सुविधासँग जोड्न खोजिएको, डिजिटल भुक्तानीमा लाग्ने मूल्य अभिवृद्धि कर र भन्सार बिन्दुमा अग्रीम आयकर लगाउने गरेकोमा त्यसलाई हटाइएको अर्थमन्त्री पौडेलले बताए ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले बजेटको कार्यान्वयन कसरी अघि बढ्छ र त्यसको नतिजा कस्तो देखिन्छ भन्ने कुरा महत्त्वपूर्ण हुने बताए । बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि नीतिगत व्यवहारिक र संरचनात्मक सुधारका काम गरिँदै जाने उनको भनाइ छ । आगामी बजेट १६औं आवधिक योजना कार्यान्वयनका लागि केन्द्रित हुने अपेक्षा उनको छ। त्यस्तै, नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले मौद्रिक नीति व्यवस्थापनसँग सम्बन्धित विभिन्न कानुन बनाउने र बैंक तथा वित्तीय संस्थाको सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने व्यवस्था ल्याइनु सकारात्मक रहेको बताए ।

### नेपाली...

रहिसकेका मन्त्री पन्तले अहिलेको अवस्थामा पत्रकारिताको गरिमा जोगाउने चुनौती भएकाले सम्पादकहरू बढी जिम्मेवार बन्नुपर्ने सुझाव दिए। पत्रकारिताको सम्पत्ति भनेको विश्वसनीयता भएकाले त्यसलाई नबिर्सन उनले सम्पादकहरूसँग आग्रह गरे ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव राधिका अर्यालले पछिल्लो समय सञ्चारमाध्यममा भएका परिवर्तन कोशेढुंगाका रूपमा रहेका उल्लेख गर्दै समाचारका विषयवस्तुमा बृहत् छलफल गर्नु आवश्यक देखिएको बताइन् । ज्ञान र बुद्धि बढाएर समाज रुपान्तरणमा पत्रकारिताले के गरेको छ भन्ने प्रश्नमा गम्भीर भएर लाग्न सबै सञ्चारजगतलाई उनले आग्रह गरिन् ।

यस्तै, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले प्रकाशित पुस्तकले नेपाली पत्रकारिताको हिजोको कठिन अवस्था, विभिन्न कालखण्डका संघर्ष र यथार्थ बोकेको बताए। 'पत्रकारितामा विश्वासको धागो मक्किँदै जान थालेको छ । अफवाह र आधारहीन सूचना तथा समाचार छरिएका छन् । पत्रकारिताको मूल मर्ममा हामी सबै गम्भीर हुन आवश्यक छ', उनले भने । अध्यक्ष बस्नेतले पुस्तक अंग्रेजी संस्करणमा पनि प्रकाशन गर्ने तयारी भइरहेको जानकारी दिए ।

नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले नेपाली सञ्चारमाध्यमको इतिहास छापादेखि डिजिटल प्रविधिसम्म आउँदा विश्वसनीयता गुम्दै गएको हो कि भन्ने अवस्था देखिएको बताइन्। 'सञ्चारमाध्यममा आएका आधारहीन र तथ्यहीन सामग्रीलाई कसरी परास्त गर्ने भन्नेतर्फ सबै सचेत हुनु आवश्यक छ', उनको भनाइ थियो ।

पुस्तकबारे समीक्षात्मक टिप्पणी गर्दै वरिष्ठ पत्रकार रामकृष्ण रेग्मीले पत्रकारिताका नयाँ र पुराना पुस्ताबीच सार्थक संवादको आवश्यकता देखिएकोमा जोड दिए । उनले यस्तो छलफल अघि बढाउन र सञ्चारमाध्यमसँग चासो राख्ने सबैलाई यो पुस्तक उपयोगी हुने बताए ।

छापा, टेलिभिजन, रेडियो र न्यूज पोर्टल न्यूमिडियाको भूमिका र जिम्मेवारी समयअनुसार फरक-फरक देखिए पनि मूल ध्येय पाठक तथा स्रोतालाई सुसूचीत गराउने र जागरण ल्याउने रहेको उनले बताए । कार्यक्रममा गोरखापत्र दैनिकका निमित्त प्रधान सम्पादक जुनारबाबु बस्नेत, कान्तिपुर टेलिभिजनका सम्पादक विजय पौडेल, डिजिटल मिडिया सोसाइटीका अध्यक्ष प्रतीक प्रधान, नागरिक दैनिकका प्रधान सम्पादक गुणराज लुइँटेल, दृष्टि साप्ताहिकका प्रधान सम्पादक शम्भु श्रेष्ठ, वरिष्ठ पत्रकार तीर्थ कोइराला, डिजिटल मिडिया अलाइन्स नेपालकी उपाध्यक्ष मोनिका सिंहलगायतले नेपाली पत्रकारिता र यसको चुनौती र अवसरका बारेमा धारणा राखेका थिए ।

कार्यक्रममा मूलधारका सञ्चारमाध्यमका सम्पादक तथा पत्रकारहरूको सहभागिता रहेको थियो । नेपाली पत्रकारिताको इतिहास लेखन कार्यमा करिब ६ दशकपछि आएको यो पुस्तक नेपाली पत्रकारितामा रुची राख्नेहरूका लागि काउन्सिलको सराहनीय कार्यको रूपमा लिइएको छ। यसअघि २०२२ सालमा ग्रीष्मबहादुर देवकोटाले 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' पुस्तक लेखेका थिए ।

## भूलसुधार

मध्यान्ह राष्ट्रिय दैनिकको वर्ष २३ अंक ११७ मिति २०८२ जेठ १६ गते शुक्रबार प्रथम पृष्ठको वैदेशिक रोजगार विशेषमा प्रकाशित 'नयाँ बजेटमा वैदेशिक रोजगारका पुरानै कार्यक्रमलाई निरन्तरता' शीर्षकको समाचारमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल हुनुपर्नेमा अन्यथा भएकाले भूलसुधार गरिएको छ । यसबाट पाठकवर्गमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं । सं.

साउदीमा रोजगार
कम्पनी: GULF CATERING FOOD FACTORY SUDAIR BRANCH — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ — चलानी नं.: ६०२३८७४५ — LT. No.: 324842

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCKS DRIVER | 50 | 0 | स. काममा दक्ष | 1800 | ६५,५०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LUCKY H.R. Solution Pvt. Ltd.
श्रम ईजाजत न.: ८७५/०६६/०६७
लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com

साउदीमा रोजगार
कम्पनी: TEAR AL NAKHABA FOR CONTRACTING — शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०८२/०२/१६ — चलानी नं.: ६०२३८७६० — L.T. No.:324903

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper/ordinary Labourer/loading & Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1600 | ५८,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

INTERNATIONAL JOB LINK PVT. LTD.
Govt. Lic. No.: 700/063/064
Bhimsen Gola- 9, Kathmandu, Tel: 014584541, Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np

मलेसियामा रोजगार
कम्पनी: FARMIERA AGRO RESOURCES SDN BHD — शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ — चलानी नं.: ६०२३८७५९ — L.T. No.: 324913

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 70 | 0 | स. काममा दक्ष | 1700 | ५४,६८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

GOOD EARTH INTERNATIONAL PVT. LTD.
Govt Lic. No.: 1558/079/080
Basbari-3, Kathmandu, Nepal. 01- 5912258, 5912259
9851078699, 9851325112, Email : goodearthint58@gmail.com

साउदीमा रोजगार
कम्पनी: Qataf Al Baraka Foodstuff Company — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ — चलानी नं.: ६०२३८७५७ — LT. No.: 324791

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | store helper/loading and unloading worker | 5 | 0 | स. काममा दक्ष | 1200 | ४३,६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Broadway Overseas Employment Service Pvt. Ltd.
Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9851116030, 985-1023153, 9810318569, 9851149772, 9851071774

साउदीमा रोजगार
कम्पनी: ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTION AND MAINTENANCE CO. LTD — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ — चलानी नं.: ६०२३८७६५ — L.T. No.: 324845

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trained Scaffolder Erector | 45 | 0 | स. काममा दक्ष | 1300 | ४७,३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं (ब्राजिलियन राजदूतावासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३,
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ ।

# द्वन्द्वपीडितले राष्ट्रपतिलाई भने– न्याय चाहियो



**काठमाडौं/मस–** द्वन्द्वपीडितहरूले राष्ट्रपति रामचन्द्र पौडेललाई आफूहरूको पीडाको सम्बोधनका लागि अभिभावकीय भूमिका निर्वाह गर्न आग्रह गरेका छन् ।

राष्ट्रपति पौडेललाई शुक्रबार भेटेर ज्ञापनपत्र बुझाउँदै द्वन्द्वपीडितहरूको संघसंस्थाहरूका पदाधिकारी तथा सदस्यहरूले अभिभावकीय भूमिका निर्वाह गर्न उनलाई आग्रह गरेका हुन् ।

'जनता, मानवअधिकार, लोकतन्त्र, कानूनी शासन र नागरिक स्वतन्त्रताको रक्षाका लागि संघर्ष गर्नुभएका एक परिपक्व राजनेताको हैसियतले हामी दृढ विश्वास गर्दछौं कि तपाईं द्वन्द्वपीडितको पीडा सम्बोधनमा अभिभावकीय भूमिका निर्वाह गर्नुहुनेछ,' ज्ञापनपत्रमा उल्लेख गरिएको छ, 'स्वार्थका लागि पटक-पटक पीडा भागबन्डा गरिएको यो प्रक्रियालाई तपाईंको हस्तक्षेपले सुधार ल्याउनेछ भन्ने आशा लिएका छौं । पटक-पटक स्वार्थका लागि पीडा भागबन्डा गरिएका कारण धोका दिइएका हामी पीडित समुदायलाई थप निराशाको स्थितिमा पुग्नबाट रोक्नुहुनेछ भन्ने अपेक्षा र विश्वास लिएका छौं ।'

उनीहरूले पीडाको पुस्तान्तरण भइरहेको दुखेसो पनि पोखेका छन् । राजनीतिक कार्यकर्ताहरूको व्यवस्थापन भए पनि पीडितहरूको उचित व्यवस्थापन हुन नसकेको उल्लेख गर्दै भनिएको छ, 'देशमा तीन तहको सरकार बन्यो । पटक-पटक राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, र प्रदेश प्रमुख फेरिए । हजारौं राजनीतिक कार्यकर्ताको व्यवस्थापन भयो । तर, सत्य, न्याय र परिपूरण अझै पनि अधुरै छ । पीडितको अवस्था फेरिएको छैन । बरु थप पीडा झेल्नु परिरहेको छ। पीडाको पुस्तान्तरण हुँदैछ ।'

राजनीतिक दलहरूको गैरजिम्मेवारी, संवेदनशीलताको अभाव र निष्क्रियताका कारण धेरै द्वन्द्वपीडितले उपचार नपाएर ज्यान गुमाउनु परिरहेको ज्ञापनपत्रमा उल्लेख छ । 'अङ्गभङ्ग भएकाहरू सहयोग नपाएर पीडित भइरहेका छन् । बेपत्ता पारिएका आफन्तको सत्यतथ्य नपाएर काजकिरिया गर्न नसक्ने अवस्था आयो। हजारौं पीडित मानसिक र मनोवैज्ञानिक पीडामा छन्,' ज्ञापनत्रपमा उल्लेख छ ।

# ललितपुरका पत्रकारहरूको स्वास्थ्य परीक्षण



**माधवप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, १६ जेठ

नेपाल पत्रकार महासंघ ललितपुर शाखाको समन्वयमा ललितपुरका पत्रकारको स्वास्थ्य परीक्षण गरिएको छ। जनस्वास्थ्य कार्यालय ललितपुर र बज्रबराही चापागाउँ अस्पतालको संयोजनमा जिल्लामा क्रियाशिल पत्रकार हरूलाई लक्षित गरेर शुक्रबार १ दिने स्वास्थ्य शिविर सम्पन्न भएको हो ।

शिविरमा जिल्लामा क्रियाशील ७७ जना पत्रकार हरुमा विभिन्न किसिमका नसर्ने रोगहरूको परीक्षण, भिडियो एक्सरे, मुटु तथा मिर्गौला परीक्षण, आँखा, दन्त, मधुमेह, आरएफटी, एलएफटी, सिबिसी, स्त्री लगायत रोगको निःशुल्क परीक्षण गरिएको थियो । परीक्षणका क्रममा ६० वर्ष नाघेका पत्रकारलाई निःशुल्क चस्मा वितरण गरिएको थियो । जिल्ला जनस्वास्थ्य कार्यालय, ललितपुरका प्रमुख डा.भुवन पौडेलले 'मे मेजरमेन्ट मन्थ' अभियान अन्तर्गत पत्रकार हरुको लागि नसर्ने रोगहरुको परीक्षणलाई जोड दिइएको बताए। उनले सूचना तथा समाचार सम्प्रेषणमा निरन्तर क्रियाशील पत्रकारहरुको स्वास्थ्यलाई ध्यान दिँदै यो शिविर आयोजना गरिएको बताए ।

'विश्वमा १० जनाको मृत्यु हुँदा ८ जनाको मृत्यु नसर्ने रोगबाट हुने गरेको तथ्यांक छ, त्यसैले नसर्ने रोगको जोखिम कम गर्न अनिवार्य भएको छ, स्वास्थ्य जाँच सबै नागरिकका लागि अति महत्वपूर्ण हो, त्यसमा पनि निरन्तर पत्रकारितामा लाग्नेहरुलाई स्वस्थ राख्नका लागि पनि पत्रकार महासंघको आग्रहमा हामीले यो शिविर राखेका हौं'डाक्टर पौडेलले भने ।

बज्रबराही चापागाउँ अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.अंकुर पौडेलले सबै नागरिक जस्तै पत्रकारहरू पनि आफ्नो स्वास्थ्यमा सचेत हुन आवश्यक रहेको बताउँदै रोग लागिसकेपछि उपचार गराउनेतीर ध्यान दिनुभन्दा रोग लाग्न नदिनका लागि सचेत हुनुपर्ने बताए ।

नेपाल पत्रकार महासंघ उपत्यका प्रदेशका अध्यक्ष टेनिस रोकाले स्वास्थ्य शिविर भव्य रूपमा सम्पन्न गरेकोमा ललितपुर शाखा, जनस्वास्थ्य कार्यालय, ललितपुर र बज्रबराही चापागाउँ अस्पतालप्रति धन्यवाद व्यक्त गरे । उनले महासंघको समन्वय पत्रकारहरुलाई लक्षित गरेर भएको शिविर उदाहरणीय रहेको भन्दै अन्य जिल्लाहरूले पनि यस्ता गतिविधि अघि बढाउनु उपयुक्त हुने बताए ।

ललितपुर शाखा अध्यक्ष रामहरि कार्कीले पत्रकारको स्वास्थ्य परीक्षणका लागि शिविर निक्कै प्रभावकारी भएको र पत्रकारहरूले यसबाट लाभ लिन सफल भएको बताए ।

परीक्षण गरेका पत्रकारहरूमध्ये अधिकांशमा सुगर र प्रेसरको समस्या देखिएको पाइएको उनले जानकारी गराए । परीक्षण गरिएका ७७ मध्ये २७ जनामा सुगरको लक्षण र १० जनामा प्रेसरको लक्षण देखिएको बज्रबराही चापागाउँ अस्पतालका स्वास्थ्यकर्मी डा.अमरदिप साहले जानकारी दिए । समाजका लागि सूचना र समाचार सम्प्रेषण गर्न खबरदारी गर्न दिनरात खटिरहँदा पत्रकारले आफ्नो स्वास्थ्यमा पनि ख्याल गर्न आवश्यक रहेको उनको भनाइ छ ।

# रियादस्थित नेपाली राजदूतावासमा मनाइयो गणतन्त्र दिवस



**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरेबिया, १६ जेठ

साउदी रियादस्थित नेपाली राजदूतावासले गणतन्त्र दिवस २०८२ को अवसरमा एक विशेष समारोह आयोजना गर्दै उल्लासपूर्वक मनाएको छ ।

समारोहको सुरुवात नेपाली राष्ट्रिय गानबाट गरिएको थियो भने शहीदहरूको सम्झनामा एक मिनेट मौनधारण गरिएको थियो ।

त्यसपछि नेपाली राजदूत डा.नरेश विक्रम ढकालले पानसमा दियो बालेर कार्यक्रमको औपचारिक उद्घाटन गरेका थिए ।

कार्यक्रममा गैरआवासीय नेपाली संघ, साउदी अरेबियामा क्रियाशील राजनीतिक दलका भातृ संगठनहरू, जातीय, सामाजिक, भौगोलिक तथा परोपकारी संस्थाका प्रतिनिधिहरू, नेपाली पत्रकार, राजदूतावासका कर्मचारीहरू र साउदीमा कार्यरत विभिन्न पेसाका नेपालीहरूको उपस्थिति रहेको थियो । राजदूत डा.ढकालले उपस्थित सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई गणतन्त्र दिवसको शुभकामना व्यक्त गरेका थिए । उनले नेपालको गणतान्त्रिक यात्राबारे प्रकाश पार्दै वि.सं. २०६५ जेठ १५ गते संविधान सभाबाट राजतन्त्रको अन्त्य भइ गणतन्त्रको स्थापना भएको ऐतिहासिक क्षणको स्मरण गराए । राजदूतले लोकतान्त्रिक गणतन्त्र नेपाली जनताको बलिदानीपूर्ण संघर्षको परिपाक भएको स्पष्ट पारे ।

राजदूत ढकालले नागरिक अधिकार, स्वतन्त्रता, समानता र न्याय प्राप्तिका लागि गरिएको संघर्षको सार लोकतान्त्रिक गणतन्त्रमा समेटिएको बताए। उनले अब कुनै विशेष कुल वा वंशको नभइ जनताको निर्णयअनुसार नेतृत्व चयन हुने सर्वोत्तम प्रणाली नै लोकतान्त्रिक गणतन्त्र भएको धारणा राखे । साथै, गणतन्त्रलाई संस्थागत गर्न सबै पक्षले जिम्मेवारी बहन गर्नुपर्ने र अधिकारसँगै कर्तव्यलाई पनि प्राथमिकता दिनुपर्ने आवश्यकता औंल्याए। कार्यक्रमको सञ्चालन प्रथम सचिव टोप नारायण गिरीले गरेका थिए भने श्रम काउन्सलर कविराज उप्रेतीले स्वागत मन्तव्य राखेका थिए ।

# एकै घरका दिदी–बहिनी एकैसाथ वन रक्षकमा सिफारिस



**कमल कुमाल/मध्यान्ह**
कालीकोट, १६ जेठ

कालीकोट शुभकालिका गाउँपालिका-७ का दिदी छत्रकला र बहिनी मुनकला शाहीले एकैपटक कोशी प्रदेशको वन रक्षक पदमा सिफारिस भएका छन् । एकै पटक नाम सिफारिस भएपछि गाउँमा खुसी छाएको छ । महिलाहरुले चाहेमा असम्भव छैन भन्ने उदाहरण दिन समेत उनीहरु सफल भएकी छन् । छत्रकला शाही लामो समयदेखि रेडियो प्रदेश आवाजमा कार्यरत रहेर समाजमा हुने विकृति विसंगती तथा आवाज विहीनहरुको आवाज बन्दै आएकी थिइन् ।

उनले संचारकर्ममा पनि उत्तिकै महत्वपूर्ण भूमिका निवाह गर्दै आफ्नो अध्ययन र तयारीलाई निरन्तरता दिँदै आएकी थिइन् । उनीहरु बुबा जीतबहादुर शाही र आमा चन्द्रिका शाहीका सन्तान हुन् । सानैदेखि पढाइमा अब्बल रहेका दिदी-बहिनीले कडा मेहनत र लगनशीलताबाट यो सफलता हात पार्न सफल भएका हुन् । गाउँका स्थानीयहरूले उनीहरूको सफलता गाउँकै गौरव भएको बताउँदै खुसी व्यक्त गरेका छन् । गाउँका वृद्धवृद्धा, आफन्तजन र छिमेकीहरूले घरमा जम्मा भइ मुनकला र छत्रकलाको मेहनतको चर्चा गर्दै शुभकामना दिएका छन् । बुबा जीतबहादुरले भने, 'छोरीहरूले मेहनत गरेर देखाएका छन् । यो हाम्रो मात्र होइन, सिंगो गाउँको खुसी हो ।'

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/११/०५ मा दर्ता भएको **प्रा.लि. नं. ७०६०१** को **बहुउद्देश्यीय जलश्रोत कम्पनी प्रा.लि.** को मिति २०८२/०२/१४ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः सुनिल रजौरे,**
**इजाजत पत्र नं. ३८९,**
**फोन नं. ९८१८०९७८५५**

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र**
**ठिमी, भक्तपुर**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१७**

यस केन्द्रको लागि LPA Consumables खरिद गर्न मिति २०८१ । १२ । २८ गतेको नेपाल समाचार दैनिकमा प्रकाशित Procurement of LPA Consumables का लागि IFB-No-14:/NTCC/G/NCB/06/2081-82 सम्बन्धी बोलपत्र आह्वानको सूचना बमोजिम विद्युतीय माध्यमबाट प्राप्त हुन आएका बोलपत्रमध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्र स्वीकृतीका लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ कुनै दावि बिरोध भए सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस केन्द्रमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| स्लाइस नं. | बोलपत्रदाताको नाम | ठेगाना | कबोल अंक रु. (मू.अ.कर. समेत) |
|---|---|---|---|
| १ | Sudeep International Pvt.ltd. | ललितपुर | १५,७३,५२५ । ००० |

**लुङ्ग्री गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बडाचौर, रोल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८१।०२।१६**

यस कार्यालयको निम्न खरिद कार्यको ठेक्का आह्वान भए अनुसार विद्युतिय बोलपत्र प्रणाली मार्फत दाखिला भएका मध्ये तपसिलमा उल्लेखित अनुसारको न्यूनतम मूल्याङ्कित भई सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनौंट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कामको विवरण र ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|
| Procurement and Supply of Water Supply and Sanitation Items for Lungri Rural Municipality, LRM/ROL/G/NCB/13/2081/2082/LISP | BUTWAL INTERNATIONAL TRADING PVT LTD | 27,60,591.53 NRs |

**प्रमुख प्रशासकीय अधिकृत**

**कुवेत र युएईमा रोजगार**

कम्पनीः **Dunya Al Bukhari Restaurant Company** शहर : **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८२/०२/१६ चलानी नं.: ६०२३८७५३ **LT. No.: 324911**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 4 | 0 | स. काममा दक्ष | 130 | ५७,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः **THI INTERNATIONAL CAFE ONE PERSON COMPANYL.L.C** शहर : **UAE**
पूर्व स्वीकृत मितिः २०८१/03/२८ चलानी नं.: ६०२२२१५८ **LT. No.: 307321** पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 70 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ८१७७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Supervisor Food Service | 5 | 0 | | 3000 | १११५१० | | | | | | | |
| 3. | Restaurant Manager | 10 | 0 | | 5500 | २०४४३५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**H.R. International Employment Services Pvt. Ltd.**
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9868005965/9808018084.
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

**बहराइनमा रोजगार**

कम्पनीः **ORIENTAL GREEN CITY CONTRACTING WLL** शहरः **BAHRAIN**
पूर्व स्वीकृत मितिः २०८१/११/१५ चलानी नं.: ६०२३३७२६ **L.T. No.: 319457** पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४३,४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 18 | 0 | | 100 | ३६,२१२ | | | | | | | |
| 3. | Mason (Tiles & Blocks) | 3 | 0 | | 120 | ४३,४५४ | | | | | | | |
| 4. | Steel Fixer, Rod Binder | 16 | 0 | | 120 | ४३,४५४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Zahra Human Resources Consultancy Private Limited**
Gov. Lic No.: 1657/080/081
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586369, Mob.: 9810003423, 9704414954
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com

**साउदी र कतारमा रोजगार**

कम्पनीः **CAFE THOMAR AL NAKHLA FOR BEVERAGES** शहरः **DAMMAN**
पूर्व स्वीकृत मितिः २०८२/०२/१६ चलानी नं.: ६०२३८७६२ **LT. No.: 324897**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 4 | 0 | स. काममा दक्ष | 1500 | ५४,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः **HIGH CLASS SERVICES** शहरः **DOHA**
पूर्व स्वीकृत मितिः २०८२/०२/१६ चलानी नं.: ६०२३८७६३ **LT. No.: 324551**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Clean Worker | 0 | 33 | सम्बन्धित काममा दक्ष | 1100 | ४१,२०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Service Agents | 8 | 0 | | 1000 | ३७,४६० | | | | | | | |
| 3. | WAITER(FEMALE) | 0 | 5 | | 1400 | ५२,४४४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497, Raj Kumar Raut : 9803222141,
Samir Chaudhary : 9865365218, Puspa Thapa Magar : 9823485185, 9823485185
Email: documantation.guideline2022@gmail.com, Web: www.guidelinerecruitment.com

**युएईमा रोजगार**

कम्पनीः **MAPA LIMAK CONSTRUCTION L.L.C** शहरः **DUBAI**
पूर्व स्वीकृत मितिः २०८२/०२/१६ चलानी नं.: ६०२३८७४० **L.T. No.: 324907**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब ADE | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,६०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Labour | 50 | 0 | | 800 | २९,७३६ | | | | | | | |
| 3. | Carpenter | 50 | 0 | | 1200 | ४४,६०४ | | | | | | | |
| 4. | Plumber Assistant | 50 | 0 | | 1000 | ४४,६०४ | | | | | | | |

**अन्तर्वार्ता एडभान्स म्यानेजमेन्ट कन्सल्टेन्स, काठमाडौंमा मिति २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता पि.आई.टी. ट्रेनिङ सेन्टर, धनुषामा मिति २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता त्रिसा ट्रेनिङ सेन्टर, धनुषामा मिति २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता श्रिराम जानकी ट्रेनिङ सेन्टर, महोत्तरीमा मिति २०८२ जेठ २४ गते (7 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Govt. Licence No.: 1470/074 /075
**ADVANCED MANAGEMENT CONSULTANTS**
"manpower supply & recruitment consultant"
Samakhushi, Kathmandu ☎ 01-4964211, 4974211 ✉ cvtoamc@gmail.com www.amgroup.com.np
Kathmandu: 9801080183, 9801029663, 9801080059, 9801021737, 9801029662, 9801044492
Birtamode: 9824035531,9807960966,9801442369,9801442370,9801442371, 023-542357

पुस्तक-समीक्षा

# सरसर्ती संसार : काव्य र निबन्धको मेल



■ रसुवाली कवि




यात्रा मानव जातिको प्रागैतिहासिक विशेषता हो । कतिपय समाज इतिहासकारहरूले घुमन्ते युगको कुरा पनि गरेका छन् । मानिसहरू आहारको खोजीमा डुल्दै हिँड्थे । नयाँ ठाउँमा पुग्थे । आगो भेटिनुअघि नै मानिसहरूले यात्रालाई जानिसकेका थिए । गतिशीलता र घुमन्ते सोचले नै मानव सभ्यता प्रगतिशील भएको हो ।

मलाई लाग्छ गतिशीलता मानिसबाहेकका जीवहरूमा पनि हुन्छ । अरू जीवभन्दा मानव जाति धेरै गतिशील छ । आहाराको खोजी गर्दै, चिसो छल्न हजारौँ किलोमिटर उडिरहेका चराहरूलाई हामी उदाहरणका रूपमा लिन सक्छौँ । उडानको लय चराहरूसँग हुन्छ । यो दुनियाँमा चरा जति स्वतन्त्र अरू कुनै जीव छैनन् जस्तो लाग्छ मलाई त ।

प्रसिद्ध नियात्राकार जीवा लामिछाने आधुनिक युगका घुमन्ते हुन् । जीवा यस्ता घुमन्ते हुन् जो आफू घुमेको ठाउँको इतिहास, संस्कृति, जनजीवन, आर्थिक प्रणाली र इतिहासका विविध पक्षहरूलाई पर्गेल्दै उत्कृष्ट शैलीमा त्यस ठाउँबारे निबन्ध लेख्छन् । यस्तो लाग्छ जीवा नियात्राकारभन्दा धेरै यात्रा निबन्धकार हुन् ।

सबै घुमन्तेहरूले लेख्न सक्दैनन् । लेखे पनि नियात्रा यात्रा विवरण बन्न सक्छ । जीवा लामिछाने आफ्नो मौलिक शैलीसहित नेपाली नियात्रा साहित्यमा उपस्थिति जनाइरहेका सशक्त लेखक हुन् ।

मसँग यतिखेर जीवा लामिछानेको नियात्रा संग्रह सरसर्ती संसार रहेको छ । केही वर्षअगाडि मैले सरसर्ती संसारलाई सरसर्ती पढेको थिएँ । आफूलाई लागेको कुरा कतै लेखेजस्तो पनि लाग्छ । हालै मैले यस संग्रहलाई दोहोऱ्याएँ । सरसर्ती संसार दोस्रोपल्ट पढ्दा संसारका अनेकौँ देशको विशेषतालाई बुझ्न सकेँ । निबन्ध पढेको जस्तो लागिरह्यो ।

मलाई असाध्यै छोएको नियात्रा थियो- कोरियाको राप र ताप । सन् २०१३ मा जीवा कोरिया पुगेका रहेछन् । सन् १९९६ ताका एसियामा सुरु भएको आर्थिक संकटलाई सामना गर्दै आफूसँग भएको सुनचाँदीसमेत सरकारलाई बुझाएका रहेछन् दक्षिण कोरियाका नागरिकले । त्यो हदको राष्ट्र प्रेम अनि कठोर मेहनतले आजको कोरिया बनेको कुरालाई बडो मार्मिक ढङ्गले लेखेका छन् जीवाले । थुप्रै देशहरूका रोचक तथ्य, इतिहास, परिवेश अनि बदलिँदो चेतनाको सन्दर्भ यस संग्रहका नियात्रामा अटाएका छन् ।

कुल २९ थान नियात्रामा विश्वका अनेकौँ देशका कथा व्यथाहरू समेटिएका छन् । यी नियात्राहरूले बदलिँदो विश्वको तस्बिरलाई देखाउने प्रयास गरेका छन् ।

जहाँ पुगे पनि मानिसले आफ्नो जन्मभूमिलाई कदापि बिर्सन सक्दैन । हाम्रो मुलुक यस्तै भइदिए हुन्थ्यो भन्ने भावना नियात्राकारमा प्रबल रूपमा अभिव्यक्त भएको छ । राजनीतिक स्थिरतासँगै शासन सत्तामा रहनेहरूले देख्ने सपना अनि उनीहरूमा इमानको कतिसम्म खाँचो छ, हामी नियात्रा पढ्दा अनुभूत गर्न सक्छौँ । नियात्राकारले आफ्नो अतिरिक्त धारणा नराखी सम्बन्धित ठाउँको परिवेशमार्फत सन्दर्भलाई बुझाउने प्रयास गरेका छन् । एउटा असल लेखकले गर्ने भनेकै यस्तै काम हो ।

नियात्रामा कतै चोरहरूका प्रसंग आएका छन् । एउटा नियात्राको शीर्षक नै छ- फरक चोर फरक दाउ । स्विट्जरल्यान्डको रेल्वे स्टेसनमा भएको चोरी घटनालाई जोड्दै रोचक नियात्रा तयार भएको छ । भारतको कुख्यात ठग नटवरलालका नाममा सिनेमा बने । यी सिनेमाहरू भारतको सिनेमा उद्योगमा चर्चित पनि बने । नटवरलालले सिनेमामा आफ्नो नाम प्रयोग भएको भन्दै रोयल्टी लिएको कुरा नियात्राकारले उदाहरण पेस गरेका छन् ।

*जीवा गैरआवासीय नेपाली हुन् । नेपालमा पनि उनको व्यवसाय रहेको छ । उनी जहाँ पुगे पनि नेपालीपन छोड्न सक्दैनन् । उनको रगतमा नै नेपालीपन रहेको छ, नेपाली भावना रहेको छ । सपना देख्ने तरिकामा पनि नेपालीत्व झल्किन्छ उनको...*

उदाहरणलाई टेक्सको मर्मअनुसार पेस गर्न सक्नु जीवाको विशेषता हो ।

नियात्राकार कतै समुद्री तटमा परिवारसहित रमाएका छन्, कतै पुराना सहर घुमिरहेका छन् । कतै पहाडमा पुगेका छन् । कतै उष्ण गर्मीमा । नियात्राकारले आफू पुगेको परिवेशलाई रोचक शब्द र शैलीमा व्यक्त गरेका छन् ।

'हिउँदमा ती पहाडहरू सेताम्मे हिउँले ढाकिन्छन् । अझ त्यहाँ घामको प्रकाश पर्दा त आफूले पहाडलाई होइन, पहाडले आफूलाई हेरेजस्तो लाग्छ । पहाडमाथि उभिएर त्यहाँका सहरहरू हेर्दा फुल्चोकीको टुप्पाबाट काठमाडौँ उपत्यका हेरेजस्तो आभास हुन्छ ।'

*(सरसर्ती संसार, स्विट्जरल्यान्ड सपना, पृष्ठ १५३)*

स्विट्जरल्यान्ड पुगेपछि त्यहाँको परिवेशलाई नियाल्दै जीवाले लेखेका हरफहरू हुन् यी । काव्यिक र निबन्धात्मक शैलीले पाठकहरूलाई तानिरहेको हुन्छ । काव्य र निबन्धको मेल सशक्त ढङ्गले भएको छ यस संग्रहका नियात्राहरूलाई । प्रत्येक नियात्रामा बेग्लै परिवेश छ ।

पछिल्लो समय नेपाली साहित्यमा पर्यावरण संरक्षणको मुद्दा पनि अटाउन थालेको छ । जीवा लामिछानेले नियात्रामार्फत इतिहास, संस्कृति, कलाकौशल, पुरातत्व अनि पर्यावरणको संरक्षणको सवाल पनि उठाएका छन् । एउटा सचेत लेखकले विज्ञानको विकाससँगै जलवायु परिवर्तनको सवाललाई उठाउनु महत्वपूर्ण कुरा हो ।

बाल्यकालको स्मृतिले मानिसको जीवनलाई पछ्याइरहेको हुन्छ । बाल्यकालसँगै जोडिएको एउटा अध्याय छ- ठोरीको जन्तदेखि ताज महलसम्म । चितवनको भीमोदय निम्न माध्यमिक विद्यालयमा पढ्दा उनी भारत पुगेका रहेछन् । सीमाको देश भारतबारे नेपाली समाजमा जुन भाष्य छ, त्यो भाष्य बोकेरै नै उनी भारत पुगे ।

'आमाले भन्नुभएको थियो, त्यहाँ पाकेट मार्छन् रे ! जोगिएर हिँड्नु । जोकसैले दिएको नखानू । पाकेटमा पाँच रुपैयाँभन्दा बढी थिएन । तैपनि पाकेटमारको त्रासले पटक पटक आफ्नो खल्ती छामिरहेँ । त्यो बेला मेरा लागि पाँच रुपैयाँ बहुमूल्य थियो । त्यही पाँच रुपैयाँले किनेका केही प्याकेट चकलेटले घरगाउँमा विदेशमा घुमेर आएको परिचय दिएको थियो ।'

(सरसर्ती संसार, ठोरीको जन्तदेखि ताज महलसम्म)

चितवनका जीवा अहिले ताज महलभन्दा हजारौँ माइल परको यात्रा गर्छन् । हवाईजहाजमा घन्टौँ यात्रा गर्छन् । जहाजमा पनि कुनै विश्व प्रसिद्ध सिनेमा हेर्छन् । कतिपय किताबसमेत उनले विमानमा बसेर पढेका छन् । समयसँगै उनी धेरै देश घुम्ने थोरै नेपालीमा पर्ने भइसके । तर आमाले बनाएको अचारको स्वाद, चितवनमा भोगेको गर्मी, काठमाडौँमा भेटेको साथी अनि नेपाली साहित्यलाई उनी न्यानो र अद्भुत प्रेम गरिरहेका छन् । आमाले चितवनमै हुँदा सिकाएको जीवनदर्शन अहिले पनि जीवा बोकेर हिँडिरहेका छन् । साथीहरूसँग सिकेको ख्यालठट्टा गर्ने तरिका फेरिएको छैन ।

मेरो जीवनमा घटेको सानो प्रसंग यहाँ उल्लेख गर्नु मनासिब होला । कक्षा ७ मा पढ्दै गर्दा साथी हरिशरण लामिछाने र काठमाडौँ आएका थियौँ । एउटा राजनीतिक दलको कार्यक्रम थियो । काठमाडौँमा हामी छलियौँ । मैले ख्याल गरेको थिएँ जंगल भएको ठाउँबाट रसुवा-नुवाकोट जाने गाडी लाग्छ । त्यो जंगल रानीवन हो । हामी बल्लतल्ल रानीवन सोध्दै माछापोखरी आयौँ र गाडी पायौँ । अहिले पनि मलाई काठमाडौँ भनेपछि रानीवनको याद आउँछ ।

जीवा गैर आवासीय नेपाली हुन् । नेपालमा पनि उनको व्यवसाय रहेको छ । उनी जहाँ पुगे पनि नेपालीपन छोड्न सक्दैनन् । उनको रगतमा नै नेपालीपन रहेको छ, नेपाली भावना रहेको छ । सपना देख्ने तरिकामा पनि नेपालीत्व झल्किन्छ उनको ।

बर्मा गए नि कर्मसँगै शीर्षक निबन्धमा तीन पुस्ताअगाडि बर्मा पुगेका नेपालीले जीवालाई भेट्दा दर्साएको आत्मीयताको प्रसंग छ । नेपाली साहित्यमा अहिले डायस्पोराले महत्वपूर्ण स्थान बनाएको छ । त्यो क्षणलाई डायस्पोरा साहित्यका रूपमा लेख्न सकिन्छ । ती नेपाली महिलाले नेपालबाट आएका प्रत्येकलाई आफ्नो देख्नु साँच्चिकै उच्च मानवीय गुण हो । केही मौलिक गुण हरेक मानिसमा हुन्छ । थाकथलो कहाँ बिर्सन सक्छ र मान्छे ? डायस्पोराको चेतनालाई साहित्यमा लेख्न सक्नुलाई म महत्वपूर्ण मान्छु ।

बर्मामा बोलिने भाषाले जीवालाई बहुत छोएको देखिन्छ । आर्य संस्कृतिमा आधारित जीवनशैली उनलाई खास लाग्छ । उनले केही वाक्य टिपोट गरेका छन्- जस्तो म भरे फर्कँदा यहाँको घरमा एक छिन घुस्छु ल । मध्य नेपालमा बोलिने नेपालीभन्दा फरक भएकाले जीवालाई यो लवज खास लाग्छ ।

सिक्किम, दार्जिलिङ हुँदै बर्मासम्म पुगेको खस-पूर्वेली भाषिक लवज चितवनमा बोलिने लवजभन्दा फरक भए पनि आखिर नेपाली भावना उही छ- निश्चल, चोखो र जीवन्त ।

नेपालीहरू भौतिक सम्पत्तिको हिसाबले कमजोर भए पनि मनको हिसाबले फराकिला छन् । नेपालीहरूले इमानलाई आफ्नो सम्पत्तिका रूपमा लिन सक्छौँ । हामीले फेर्नुपर्ने एउटा गुण छ, फराकिला सपनाहरू देख्न नसक्ने गुण ।

मैले यो नियात्रा संग्रह पढ्दै गर्दा महसुस गरेँ- यो एउटा नेपालीले विश्व भ्रमण सिलसिलामा महसुस गरेको भावनाको शाब्दिक अभिव्यक्ति हो, जुन अभिव्यक्ति नेपाली गाउँमा पाक्ने दालभात, तरकारी, अचारजस्तो स्वादिलो छ । सरसर्ती संसार नियात्रा संग्रह सबै साहित्य अनुरागीहरूले पढुन् । अझ सपना देख्नबाट टाढा पुगिरहेका राजनीतिक नेतृत्वले पनि पढुन् ।

कथा

# ब्याँगेले लगाएको गुन



■ कुञ्ज देवी उपाध्याय

असममा बसोबास गर्ने टाइ आहोम र आदिवासीहरूको खाद्य तालिकामा समावेश गरिने एउटा कमिलाको प्रजाति हो ब्याँगे । आफ्नो शरीरबाट सृष्टि गरेको एक प्रकारको चोपले हरिया र सुकेका पात पोको पारेर यसले घर बनाएर वंश बिस्तार गर्छ । साना मसिना किरालाई आहार गरी आफ्नो सानो पेट भर्नुको साथै, मान्छेको ठुलो उपकार गर्छ यो कमिलो ।

मनमाया एक्लै घाम तापेर बसिरहेकी छिन् । वैशाख महिना भए पनि निकै दिनदेखि झरी परिरहेकोले र साथमा हावा चलिरहेको हुनाले वातावरण चिसो छ । मनमाया रोग लागेर निकै कमजोर पनि छन् । आज घाम लागेको देखेर आँगनमा कुर्सी लिएर बसिरहेकी छिन् उनी । लामो लस्कर उनको छेवैबाट गइरहन्छ । सायद अर्कातिर बसाइँ सरेका होलान् ! मनमाया मनमा ठान्छिन्, कति परिकल्पित जीवन शैली ब्याँगेको ! कोही कसैलाई ठेलाठेल नगरीकन गइरहेका छन् । राजाका पछि सिपाही जस्तै ।

मान्छे भए तँछाडमछाड गर्दै कति घाइते हुने थिए होला ! उनी उठेर त्यो लस्कर कता गएको रहेछ भनेर बगैँचातिर लाग्छिन् । आज किन हो कुन्नि यिनीहरू बारे जान्ने उत्सुकता पैदा हुन्छ उनको मनमा । एउटा सानो टोटेलाको बिरुवामा र निबुवाको पातमा पोको बनाइरहेका थिए त्यतिखेर ।

उनलाई ढुक्क लाग्यो निरापद् स्थान रोजेर बसेको देख्दा । हिजै त हो यिनीहरूको लागि मान्छेसँग प्रतिवाद गर्नु परेको ।

वैशाख बीउ असमको एउटा मुख्य चाड हो । यो समय ऋतु परिवर्तनको समय हो । रूख नयाँ पातले सजिएर रमाइलो वातावरण हुन्छ प्रकृतिमा । असम राज्यमा बीउ उत्सव मनाउन क्रममा भिन्न प्रकारका चिजहरू खाने गरिन्छ । पहिलो बीउ अर्थात् वैशाख १ गते १ सय जातका साग सब्जी मिसाई तरकारी खाने चलन छ । त्यसरी खाएमा शरीरमा रोग लाग्दैन भन्ने परम्परालाई मानेर आएको हुनुपर्छ !

यही समयमा कतिपय जनजातिले ब्याँगेका फूल र बच्चा भुटेर खाने गर्छन् । उनीहरूबिच एउटा विश्वास फैलिएको छ कि त्यो समयमा ब्याँगे खाए गम्भीर खालका रोगबाट पनि मुक्त होइन्छ । त्यसैले त आँपको बोटमा बसेको कमिलाको गुँड माग्ने मान्छेको धुइरो लागेको थियो ।

कतिलाई बुझाइन, यो अन्धविश्वास मात्र हो भनेर । कतिलाई केवल दिन्न भनेरै पठाइन् । यसरी धेरै जीव पृथ्वीबाट हराउँदै गएको देखेकी छिन्, मनमायाले । अघिका खरका छानामाथि खोस्रिन दुलो पारि बस्ने भँगेरो ठुला-ठुला घर बनिने साथ वासस्थान मेटिएर हराउँदै गएको यिनै आँखाले देखिरहेका छन् ।

बोडी, चटेला (भातेकरेला) जस्ता बर्खे सब्जीमा ब्याँगे घुमी हिँड्न पाए भने मसिना किरा कमिला खाइदिन्छन् । रासायनिक औषधी प्रयोग नगरीकन स्वास्थ्यवर्द्धक खान मिल्छ । प्रकृतिका हरेक चिज हामीले जानी नजानी हाम्रो निकै ठुलो उपकार गरिरहेका छन् । दुर्भाग्यपूर्ण कुरा के भने हामी अज्ञानतावशः आफ्नै हातले विपत्तिलाई निम्ता दिन्छौँ ।

उनी अलिक अघि बढेर जान्छिन् । २/४ दिन भयो उनका गोडा दुख्ने बिमार भएको । धेरैले भन्छन् गोडा दुखेको वर्ष दिन भयो, फलानो डाक्टर देखाएँ, राम्रो भएको छैन भन्दै । उनलाई मनमा डर पसेको छ, कतै ऊ पनि त्यस्तै हुनुपर्छ कि भनेर ! उपचारको लागि कता जाने हो भन्ने सोचेर त्यतै उभिएर सोचिरहन्छिन् ।

उनको उपस्थितिले डराएछ होला गोडामा निकै ब्याँगे चढेछन् आक्रमण गर्न । बिचरा आफ्नै विश्वासमा बाँचेको जीव । हार मान्दैन । बरु मर्छ तर ठुलो देखेर आक्रमण गर्न पछि हट्दैन । के हो भनेर हात अघि बढ्छ र फ्याँक्न लाग्दा जताततै चिल्छ ब्याँगेले । ऊ घर भित्रतिर लाग्छिन् । अनजान जङ्गली जीव, जति माया गरे पनि बुझ्दैन ! मज्जाले टोकेछ भन्दै नरिवल तेल गोडामा दलेर विश्राम गर्छिन् ।

भोलिपल्ट अचम्मको अनुभव हुन्छ शरीरमा । कतै पनि दुखेको छैन आज ! ज्यान पनि हल्का लाग्छ । अनुभवी मनमाया आफैँमा रमाउँछिन् । गजबको कुरालाई छोरीसँग सेयर गर्छिन्, 'ब्याँगे त प्राकृतिक डाक्टर पो रहेछ !'

हिजो अस्ति एउटा काग आएर यिनीहरूको गुँडछेउ बसेको देखेकी थिइन् उनले । परेवाका बच्चा लिन आएको होला भनेर खेदिन् ।

पछि गुगलबाट थाहा भयो काग बिमार भएपछि त्यसरी आएर ब्याँगे छेउ बसेर पखेटा फिँजाइ दिन्छ अरे । के टोकेर छोड्दा फरमिक एसिड स्प्रे हुने र साना-साना ब्याक्टेरिया खाइदिनाले काग स्वस्थ हुने कुराको जानकारी पाइन्छ । यसरी अरू पनि धेरै पंक्षी त्यसरी टोकाउने गर्छन् रे ! कति रोचक कुरा !

मनमायालाई छिमेकी नभए पनि अञ्जलीको पतिको याद आयो । बिचरा हिँड्नै सक्दैनन् । भनिदिऊँ भने उनैलाई पागल भई भन्लान् ! भलाइको जमाना कहाँ छ र हिजोआज! अर्काको हाँ मा हाँ मिलाउनुपर्छ । नत्र एक्लो होइन्छ ।

अघिका मान्छेले त्यसै भनेका होइनन्, एक्लो बृहस्पति झुटो भनेर ! तर यो कुरो प्रचार त गर्नै पर्छ । नत्र कतिपय मान्छेले जिब्रोको स्वादको लागि यिनीहरूको वंश खतम पार्दछन् । कथा लेख्ने विचार गर्छिन् उनी, तर कसरी लेख्ने ? कहाँबाट सुरु गर्ने, कसैले पढ्छ कि पढ्दैन होला भन्ने चिन्ताले उनको कलम रोकिन्छ । फेरि अर्को मनले ठान्छिन् लेख्नुपर्छ । ठुला ठालुले नपढे पनि सानातिना ऊ जस्ताले निश्चित रूपमा पढ्छन् । कसैको उपकार हुन्छ भने होस्, नभए खाँचैसित ।

प्रकृतिको सन्तुलनलाई संरक्षण गर्न सबैले कोसिस गर्नुपर्छ, तर केवल किरा र जीवको विकास भएर सन्तुलन रक्षा हुने हो र ? पहिला त मानव सभ्यताको सुरक्षा हुनु अत्यन्त जरुरी छ ।

कविता

## दिमागको ताला खोलौं



सत्यजीत

ढोगको पर्दा पछाडि लुकेको
सत्यलाई गिज्याउने त्यो स्वर के हो ?
मक्किएको किताबको अक्षरहरूमा
किन चुप लाग्छौं हामी अझै पनि ?
दिमागको ताला खोलौं, साथी
सवाल गरौं - किन ? कसरी ? कहिले ?

ईश्वरको नाममा जलाउने दीयो,
के विज्ञानको उज्यालोभन्दा गाढा हो ?
हजारौं वर्षको कथाहरूले
जुन साँचो कहिल्यै थिएन
कसरी कैद गऱ्यो चेतनालाई ?
कसरी बनायो मानवलाई कठपुतली ?

हेर, ग्यालिलियोको टेलिस्कोपले
तारा र ग्रहको चाल बतायो
तर पण्डितले भने - शनिको दोष छ !
कसको विश्वास गर्ने यहाँ ? कसको होश छ ?

धामीझाँक्रीको लटपट भन्दा
मुटुको प्रत्यारोपण प्रभावकारी भयो
कर्कट हटाउने किरणीय यन्त्रले
जीवनको आयु नै फेरियो ।
जुन अघिपछि हेर्न ढुंगा पुज्थ्यौं,
आज एमआरआई र सिटी स्क्यानले
देखाउँछ भित्रको घाउ
कहाँको मन्त्र ? कहाँको तान्त्रिक कथा ?

जब रोबोटले सर्जरी गर्छ शरीर र घाँउको ।
हेर, हात छैन भने कृत्रिम हात बन्यो
सुन्न सक्दैन भने सुनाउने यन्त्र बन्यो
पैतालाविहीनले फेरि हिँड्न थाले
के चमत्कार हो यो, कि विज्ञानको उज्यालो ?

धर्मले भन्छ- सहनु पर्छ, भाग्यको फल हो !
विज्ञान भन्छ- समाधान खोज, बाँच्ने हो !
अन्धविश्वासले बाँधेको यो समाज
अब त चिरौं हामी विवेकको आवाज ।
दिमागको ताला खोलौं, साथी
शब्द होइन, प्रमाण खोजौं
आस्था होइन, चेतना राखौं
पुजा होइन, प्रयोगशालामा ढोगौं !

## मन्त्रीकी आमा



तृष्णा थापा

मन्त्रीकी आमा
अकालमै मरिछन्
पशुपतिमा एउटा बेवारिसे रमिता
बनेको त्यो लास
सबैले भन्दैछन् मन्त्रीकी आमा रे
सन्तान सम्पत्तिको लडाइँमा
आमाको लासको लाजनीति
मन्त्री कुर्सी जोगाउने भागदौडमा
आमा मन्त्री छोरोको पर्खाइमा
बेवारिसे लास !!

सायरी

## जिन्दगी, यो कस्तो कस्तो ?



खिमराज गिरी

भन्छन् यहाँ सबैजना जीवन छैन त्यत्ति सस्तो
लाग्छ मलाई कहीँ कतै जीवनदेखि टाढा हुँ जस्तो
दिलको धड्कन् बढ्न थाल्छ किन मलाई हुन्छ यस्तो
कोही हाँस्ने, कोही रूने जिन्दगी यो कस्तो कस्तो !

बिर्सनेले बिर्से पनि फेरि उसैलाई सम्झुँ जस्तो
निष्ठुरीले छोडे पनि यो दिल मेरो कस्तो कस्तो
पथ्थर जस्तो त्यो मन उनको हृदय यो नौनी जस्तो
कँही काँडा कँही फूल जिन्दगी यो कस्तो कस्तो !

यो मुटुमा पिरतीको काँडा बिझे जस्तो
वेदनालाई साम्य पार्ने छैन मलहम् सस्तो
जीवनको यो गोरेटोमा किन हुन्छ यस्तो
कहीँ सुख, कहीँ दुःख जिन्दगी यो कस्तो कस्तो !!

# '१५ वर्षभित्र लुम्बिनीलाई अर्गानिक प्रदेश बनाउँछौं'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
बुटवल, १६ जेठ



रुपन्देहीको रोहिणीमा प्रांग्रारिक मल उद्योगको औपचारिक उद्घाटन गरिएको छ। उद्योगको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शुक्रबार उद्घाटन गरेका हुन् ।

उद्घाटन कार्यक्रममा मुख्यमन्त्री आचार्यले मानव स्वास्थ्य र माटोको उर्वराशक्ति सुरक्षाका लागि प्रांग्रारिक मलको प्रयोग अपरिहार्य भएको बताए ।

उनले प्रदेश सरकारले नीति तथा कार्यक्रममा सिंगो प्रदेशलाई प्रांग्रारिक बनाउने नीति अघि सारेको स्पष्ट पार्दै त्यसका लागि प्रवर्द्धनमुखी कार्यक्रम सञ्चालन गरिने जानकारी दिए । रासायनिक मलको प्रयोगबाट उत्पादन हुने खाद्यान्नका कारण नागरिक रोगी बन्ने, नयाँ-नयाँ रोग देखिने, लुम्बिनी प्रदेशमा मात्र हरेक वर्ष एक हजारभन्दा बढी क्यान्सरका बिरामीको उपचारमा खर्च गर्नुपरेको उल्लेख गर्दै उनले रासायनिक मल र विषादीयुक्त खानेकुरा क्यान्सरको प्रमुख कारणको रूपमा प्रमाणित भइसकेकाले १५ वर्षभित्र लुम्बिनीलाई अर्गानिक प्रदेश बनाउने संकल्प गरिएको बताए । 'सरकारले नीति तथा कार्यक्रममै प्रदेशलाई अर्गानिक प्रदेश बनाउने घोषणा गरेको छ। त्यसका लागि स्वदेशी प्रांग्रारिक मल उद्योगसँग सहकार्य गर्छौं,' उनले भने, 'सुरूमा पहाडका ६ जिल्ला र क्रमशः तराईका ६ जिल्लालाई प्रांग्रारिक जिल्ला बनाउँदै सिंगो प्रदेशलाई अर्गानिक सर्टिफाइड बनाउँछौं ।'

मुख्यमन्त्री आचार्यले प्रांग्रारिक मलबाट उत्पादन हुने खाद्यवस्तु तथा फलफूल विदेश निर्यात गर्ने प्रशस्त सम्भावना रहेको उल्लेख गर्दै प्रदेशका केही पालिकालाई प्रांग्रारिक पालिकाका रूपमा घोषणा भइसकेको जानकारी दिए। उनले प्रदेशका हरेक पालिकामा प्रांग्रारिक मल प्रवर्द्धनका लागि कृषि ज्ञान केन्द्रलाई निर्देशन दिने प्रतिवद्धता व्यक्त गरे ।

भैरहवाका उद्योगी दम्पत्ती सिद्धार्थ अग्रवाल र पुनमकुमारी अग्रवालको ३० करोड रुपैयाँको लगानीमा रोहिणी गाउँपालिका-४ कोटहवामा 'ग्रो मोर फर्टिलाइजर एण्ड केमिकल प्रा.लि.' मार्फत गत वर्षदेखि मल उत्पादन सुरू भएको थियो ।

प्रति दिन २ सय मेट्रिक टन मल उत्पादन क्षमता रहेको उक्त उद्योगले हाल 'रत्नम' ब्रान्डमा दैनिक ८० मेट्रिक टन मल उत्पादन गरिरहेको छ । कार्यक्रममा पूर्व सांसद घनश्याम यादव, प्रमोद यादव, रोहिणी गाउँपालिकाका अध्यक्ष विद्या यादवलगायतले नेपालकै ठूलो प्रांग्रारिक मल उद्योग लुम्बिनी प्रदेशमा सञ्चालनमा आउँदा किसानले अब मलको अभाव झेल्न नपर्ने बताए। उद्योगका सञ्चालक सिद्धार्थ अग्रवालले कच्चा पदार्थ आयातमा कर छुटको व्यवस्था गरिनुपर्ने र स्वदेशी प्रांग्रारिक मलको बजारीकरणमा सरकारले सहयोग गर्नुपर्ने माग गरे। उद्योगकी प्रबन्ध निर्देशक पुनमकुमारी अग्रवालले कोरोना संक्रमणका कारण आफ्नै बुबालाई गुमाउनु परेको र श्रीमानसमेत संक्रमित भएर अस्पताल भर्ना भएको अवस्थामा मानव स्वास्थ्य र माटोको उर्बराशक्ति जोगाउन प्रांग्रारिक मल उद्योग खोल्ने निर्णय लिएको स्मरण गराइन् ।

# जिल्ला समन्वय समिति रौतहटका प्रमुख यादवले सम्हाले जिम्मेवारी



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १६ जेठ

रौतहट जिल्ला समन्वय समितिका कार्यालय प्रमुखको जिम्मेवारी उपसचिव अमित यादवले सम्हालेका छन् । यादवले शुक्रबार जिल्ला समन्वय समितिको कार्यालयमा हाजिर भइ कार्यभार सम्हालेका हुन् । यादवलाई जिल्ला समन्वय समितिका जनप्रतिनिधिहरुले स्वागत गरेका थिए ।

समन्वय समिति कार्यालयको सभाहलमा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा जिल्ला समन्वय समिति कार्यालय प्रमुखको जिम्मेवारी पाएका यादवलाई रौतहट जिल्ला समन्वय समिति प्रमुख राम अयोध्या यादव, जिल्ला समन्वय समिति उपप्रमुख महेश बैठा, प्रमुख जिल्ला अधिकारी बिनोद कुमार खड्का, सबै समन्वय समिति सदस्यसहितका जनप्रतिनिधि र कर्मचारीहरुले टिका, माला र दोसल्ला ओढाएर भव्य स्वागत गरेका थिए ।

स्वागत तथा सम्मान कार्यक्रममा समन्वय समिति प्रमुख यादव, उपप्रमुख बैठा, प्रमुख जिल्ला अधिकारी बिनोद कुमार खड्काले उपसचिव यादवलाई सफल कार्यकालको शुभकामना दिएका थिए ।

कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्दै उपसचिव यादवले आफू सबै जनप्रतिनिधि,कर्मचारी अन्य सबै पक्षलाई समेटेर मन जित्नेगरी जिल्लाको हितमा काम गरेर देखाउने प्रतिबद्धता जनाए ।

# उदयपुरमा गाँजासहित २ महिला पक्राउ




**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १६ जेठ

उदयपुरमा गाँजासहित २ जना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय उदयपुर र ईलाका प्रहरी कार्यालय रामपुरठोक्सिलाबाट खटिएको संयुक्त प्रहरी टोलीले चौदण्डीगढी नगरपालिका १ रानीटार स्थित रत्न माया श्रेष्ठको घरबाट ३५ वटा बोरामा लुकाई छिपाई राखिएको १ हजार १ सय ४३ केजी २७५ ग्राम गाँजासहित दुई महिलालाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा सोही ठाउँ बस्ने अन्दाजी ४१ वर्षीया घरधनी रत्न माया श्रेष्ठ र कमला श्रेष्ठ रहेकी छन् । पक्राउ परेका उनीहरुलाई जिल्ला प्रहरी कार्यालय उदयपुरको हिरासतमा राखी थप अनुसन्धान भइरहेको छ ।

**Malaysia मा रोजगार COINAGE SDN. BHD.**
पूर्व स्वीकृति मिति: २०८२/०२/१६ चलानी नं.: 60238750 LT No.324914

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security | 55 | 0 | काममा दक्ष | 1700 | ५४,४८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ जेष्ठ २४ गते (7 June, 2025) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
आरोही एच.आर. सोलुसन्स प्रा.लि.
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01-4961807, 4962925 9851067941, 9801081902
BRANCH OFFICE: Chitwan: 056-514109, +977 9802899323, Pokhara: 061-591364, +977 9765652471

## कोन्ज्योसोम गाउँपालिका
ཀོན་རྫོང་སོམ་གྲོང་པའི་སྤྱི།

### गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर

### सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०२/१७**

यस कार्यालयबाट मिति २०८२/०१/१४ गते मध्यान्ह राष्ट्रिय दैनिकँ पत्रिकामा प्रकाशित सिलबन्दी बोलपत्र सूचनानुसार मिति २०८२/०२/१३ गते दिनको १२:०० बजे सम्म दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु मध्ये तपसिलमा उल्लेखित भएका सिलबन्दी बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्विकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | कार्यको विवरण | छनौट भएको कम्पनी | कबोल रकम (मु.अ.कर. समेत) रु. |
|---|---|---|---|
| 1 | Construction of Additional Storey of Adminstrative Building Ward No. 4, Identification No: KRM/NCB/W/081/82-09 | A.M.D Engineering and Construction Pvt. Ltd., Konjyosom-2, Lalitpur | 27,85,307.64/- |

**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## भक्तपुर क्यान्सर अस्पताल
भक्तपुर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०२/१७**

यस अस्पतालको मिति २०८१/१२/२१ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्का नं BCH/GOODS/NCB/081/82/09 को सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही तपशील बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | ठेक्का नं. | कार्य विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु. अ. कर सहित) |
|---|---|---|---|---|
| 1 | BCH/GOODS/NCB /081/82/09 | Supply, Installation and Commissioning of Elevator (Lift) System for Hospital | R.M.S. International, Kathmandu | NPR. 36,10,350.00 |

नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र
ठिमी, भक्तपुर

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१७**

यस केन्द्रको लागि मिति २०८२।१।१५ गतेको नेपाल समाचार दैनिकमा प्रकाशित Procurement of Consumables for cultural DST का लागि IFB-No-12:/NTCC/G/NCB/05/2081-82 सम्बन्धी बोलपत्र आह्वानको सूचना बमोजिम विद्युतीय माध्यमबाट प्राप्त हुन आएका बोलपत्रमध्ये Slice no. 2 का लागी न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्र स्वीकृतीका लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ कुनै दाबी बिरोध भए सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस केन्द्रमा पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| स्लाइस नं. | बोलपत्रदाताको नाम | ठेगाना | कबोल अंक रु. (मू.अ.कर समेत) |
|---|---|---|---|
| २ | Everest Trade Link pvt. ltd. | काठमाडौं | १,४९,३३,६१७.८३ ।- |

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, जनकपुर शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

**( प्रकाशित मिति : २०८२/०२/१७ गते )**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम र ठेगाना : |
|---|---|
| १. | नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय धनुषा, जनकपुरमा प्रा.फ.र.नं. १२१६/४१७/०६५/६६ स्थानिय व्यापार कायम भई मिति २०६५/१०/२६ मा दर्ता भएको धनुषा जिल्ला, जनकपुर उपमहानगरपालिका वडा नं. ८ स्थित **माँ जानकी जेनरल स्टोर्स** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | नुजा साह सुडीको नाती, ज्ञानी साह सुडीको छोरा, धनुषा जिल्ला, ता.सिर्सिया गा.वि.स/उ.म.न.पा. वडा नं. ६ बस्ने **संजिब कुमार साह** । |
| २. | रामफल साहको नाती, नुजा साह सुडीको छोरा, धनुषा जिल्ला, तारापट्टी सिर्सिया गा.वि.स/उ.म.न.पा. वडा नं. ७ बस्ने **ज्ञानी साहु सुडी** । |
